## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.१७/०८१/८२

आज मिति २०८२।०१।२८ गते आईतबार दिउँसो १:३० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१७/०८१/८२ (सत्रऔं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पादरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | [signature] | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | [signature] | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | [signature] | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | [signature] | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | [signature] | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | [signature] | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | [signature] | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | [signature] | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | [signature] | |

## बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | [signature] | |
| २. | महन्त ठाकुर | सहायक चौथो | [signature] | |
| ३. | प्रेम कुशवाहा | का.स. | [signature] | |

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१७/०८१/८२ मिति २०८२।०१।२८ गतेको एजेण्डा तथा निर्णयहरु

## छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. ठेक्का नं.KSMC/NCB/WORKS-01-080/081 को योजना Town Hall को म्याद थप गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको आ.ब.२०८०/०८१ मा संघिय सरकारको अनुदान अर्न्तगत Town Hall (नगरसभा गृह) ठेक्का नं.KSMC/NCB/WORKS-01-080/081 को योजनाको लागि थपभएको म्यादभित्र थोरै मात्र कार्य बाकी रही कार्य सम्पन्न हुन नसकेको र निजले मिति २०८२/०१/२५ गते यस कार्यालयमा दिएको निवेदनबाट निर्माण कार्यमा लाग्ने Teak Wood Granite नेपालमा तत्कालिन उपलब्ध नभएकोले भारत देशको राजस्थानबाट ल्याउनुपर्ने साथै अन्य विविध कारण देखाई म्यादथपको लागि अनुरोध गरेको हुनाले सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०८२ को नियम १२० बमोजिम कार्यालयलाई थप आर्थिक भार नपर्नेगरी कार्य सम्पन्न गर्न Tamakoshi Sahara JV Hetauda-01, Makwanpur लाई २०८२ असाढ मसान्त सम्म म्याद थप गर्ने ।

**२. वडा नं.२१ को योजनामा भएको ठाउँ ठाउँसारी गर्ने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.२१ को आ.ब. २०८१/०८२ को वडास्तरीय योजनाबाट भलुहिया मठ अन्य टोलमा शहिद लक्ष्मण राउत प्रवेश द्वार मिनि पार्क मुर्ती स्थापना तथा विभिन्न ठाउँमा विभिन्न कार्य योजना ( विनियोजित रकम रु.११,००,०००।- अक्षरेपी एघार लाख) सम्बन्धमा वडा नं.२१ को च.न.९४० मिति २०८१/०१/२२ गतेको पत्रानुसार तहाँ गाँउ भेलाको निर्णय र वडा समितिको निर्णयबांट योजनामा भएको ठाउँ ठाउँसारी गरी प्रवेशद्वार भोडहा गाउँको पश्चिम तर्फबाट गाउँमा पस्ने मुख्य बाटो (दुध संकलन तथा प्रशोधन केन्द्र अगाडी) बाटोमा निर्माण गर्न तथा मिनि पार्क तथा मुर्ती स्थापना भोडहा सामुदायिक भवन धर्मशालाको पश्चिम तर्फ निर्माण गर्न सम्झौता गराई कार्यदेश दिन अनुरोध गरेकाले सोही वमोजिम गर्ने गराउने निर्णय गरियों ।

**३. वडा नं.८ को वडा कार्यालय भवन सम्बन्धमा ।**

**निर्णय :** वडा नं.८ मा रहेको अधुरो वडा कार्यालय भवनको फिनिसिङ्ग कार्यको लागि मर्मत सम्भार शिर्षकबाट रु. १०,००,०००।- अक्षरेपी दश लाख रुपैया मात्र विनियोजन गर्ने निर्णय गरियो ।

**४. तराई मधेश सम्रिद्ध कार्यक्रमको योजना माँग गर्ने सम्बन्धमा ।**

**निर्णय :** तराई मधेश सम्रिद्ध कार्यक्रमको योजनाबाट सिचाइको लागि सौर्य पम्प जडान कार्य योजना माँग गर्ने निर्णय गरियो ।

**५. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय :** तपसिल वमोजिम आर्थिक सहायता शिर्षकबाट आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :**

(क) कलैया उपमहानगरपालिका वडा नं.१८ टोल मोतिसर बस्ने बिरबहादुर साह कानुको छोरा राजन गुप्तालाई बेलपातीमाई सुधार केन्द्रमा राखेको र निजको आर्थिक स्थिति र मानसिक स्थिति एकदमै दैनिय भएकोले निजलाई औषधि उपचार गरे वापत बेलपातीमाई सुधार केन्द्रलाई बिल पेश हुन आएपछि बिल बमोजिम वा अधिकतम रु.२०,०००।- अक्षरेपी बिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

(ख) यस कार्यालयको योजना शाखामा कार्यरत कार्यालय सहयोगी श्री रुकसार खातुन स्कुटर दुर्घटना भई गम्भिर घाईते भएकीले निजको उपचारको क्रममा भएको खर्च वापत निजलाई रु.३५,०००।- अक्षरेपी रु.पैतिस हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner